**प्रदेश सरकार**
**प्रदेश नं. ५**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**तानसेन, पाल्पा**

## कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७७/७८ मा संचालन हुने रैथाने वाली प्रवर्धन कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचनाः २०७७।०७।०२**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रैथाने वाली प्रवर्धन कार्यक्रम संचालन गर्नको लागि पाल्पा जिल्लाका अनुदानग्राहीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पाटि वा Website: palpa.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**कार्यक्रमको मापदण्ड**

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | रैथाने वाली प्रवर्धन कार्यक्रम | • रैथाने वालीको बीउ खरिदमा अनुदान वाली उत्पादन, विविधिकरण तथा बजारीकरण सामग्री उपकरण (डिजिटल तराजु, बोरा खरिद तथा छपाई, बोरा सिउने मेसिन, लेबलिङ्ग, प्याकेजिङ्ग गर्ने वस्तु एवं मसिन र कुटानी पिसानी मेसिन आदि) मा खरिदमा अनुदान सहयोग | • भूगोल वा क्षेत्र अनुसार उपलब्ध भएका स्थानीय वालीहरुमा प्राथमिकता दिई वाली छनौट गर्ने, <br>• बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा ब्लक बनाई उत्पादन कार्यक्रम सञ्चालन गर्ने, <br>• उत्पादित कृषि उपजको प्रवर्द्धनात्मक तथा वजारिकरणका कार्यक्रम सञ्चालन गर्ने, <br>• कार्यालयले जनचेतनामूलक, प्रविधि विकास तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न सक्ने, <br>असिंचित क्षेत्र र कम उर्वर जमिनलाई प्राथमिकता दिईने। | पाल्पा जिल्ला भरी | कृषक/फार्म/कृषि उद्यमी/कम्पनि/ कृषक समूह/ सहकारी संस्था/ जल उपभोक्ता समिति/ प्रशोधन कर्ता/ शीत भण्डारण संचालक संसथा | कार्यक्रमको लागि स्विकृत कार्ययोजनाको कुल लागतमा ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु १ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईनेछ। |

**पेश गर्नु पर्ने कागजातहरु**

- निवेदन फाराम
- समुह/सहकारी/निजी कृषि फर्म/कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी
- स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपी
- गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी
- कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
- प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

द्रष्टव्यः- सूचनामा उल्लेख भएका कार्यक्रमहरुको हकमा कार्यविधि मन्त्रालयबाट परिमार्जन भई आएमा सोही अनुसार हुनेछ। साथै कार्यविधिहरु प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,बुटवलको website:-molmac.p5.gov.np, निर्देशनालयको website:-doadp5.gov.np तथा यस कृषि ज्ञान केन्द्रको website:- palpa.akc.gov.np बाट download गर्न सकिनेछ।

प्रसाद अर्याल
प्रमुख